बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

**खण्ड : ०७** **संख्या : ०२** **भाग : ०१** **प्रकाशित मिति :२०८०/०४/०१**


## बैजनाथ गाउँपालिकाको विनियोजन ऐन, २०८०

गाउँसभाबाट स्वीकृत मिति : २०८०/०३/२६ **गते**

गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति :२०८०/०३/२६ **गते**

**प्रस्तावना** : बैजनाथ गाउँपालिका, बाँके २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बैजनाथ गाउँपालिका, बाँकेको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "बैजनाथ गाउँपालिका, बाँकेको विनियोजन ऐन," रहेको छ । (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८०/८१को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ७७,३६,३५,९७५.०० (अक्षेरुपी रुपैयाँ सतहत्तर करोड छत्तिस लाख पैतिस हजार नौ सय पचहत्तर मात्र |) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१को निमित्त बैजनाथ गाउँपालिका, बाँकेको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बितीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

आज्ञाले

धर्मराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

मुद्रण .मूल्य रु ,कोहलपुर बाँके ,मिशन प्रिन्टीङ प्रेस :५-/
घरेलुदर्ता नं२०७१/२०७०/४६१४/११९ .